# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४६) काठमाडौं, मंसीर३गते २०५३साल (अतिरिक्ताङ्क ३८ (ग)


## भाग ४

श्री ५ को सरकार

### भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०५३।७।२२ को निर्णयानुसार खण्ड ४५, संख्या ४७, मिति २०५२।११।२८ को नेपाल राजपत्र भाग ४ मा यस मन्त्रालयबाट प्रकाशित सरकारी तथा सार्वजनिक जग्गा संरक्षण तथा सदुपयोग गर्ने सम्बन्धमा गठित सिफारिश समिति सम्बन्धी सूचनामा देहायबमोजिम हेरफेर तथा थप गरेको छ ।

१. सूचनाको खण्ड क. को उपखण्ड २.४.५.६ को सट्टा देहायको उपखण्ड २.४.५.६. राखिएका छन्:–

"२. अधिकृत प्रतिनिधि, सम्बन्धित जिल्ला प्रशासन कार्यालय – सदस्य

४. वन अधिकृत, सम्बन्धित जिल्ला वन कार्यालय – सदस्य

५. नापी समाप्त भैसकेको क्षेत्रमा सम्बन्धित जिल्लाका नापी शाखाका प्रमुख र नापी चालु रहेको जिल्लामा सम्बन्धित नापी गोश्वारा कार्यालयका प्रमुख नापी अधिकृत– सदस्य

६. भूमिसुधार अधिकारी, सम्बन्धित जिल्ला भूमिसुधार कार्यालय – सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. सूचनाको खण्ड ख. पछि देहायको खण्ड ग. र घ. थपिएका छन्:–

"ग. समितिको कार्यविधि:–

समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गरी भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट स्वीकृत गराई कार्यान्वयन गर्न सक्नेछ ।

घ. निर्णयको कार्यान्वयन:–

समितिको निर्णय कार्यान्वयन सम्बन्धित मालपोत कार्यालयले प्रचलित कानून बमोजिम गर्नेछ ।"

आज्ञाले,

योद्धा शाह

श्री ५ को सरकारको निमित्त सचिव

मुद्रण विभाग, सिंहदरबार

४०२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।